**कोभिडबाट सचेत रहौं**
- कोरोना सङ्क्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोनाविरूद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 31 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१२

## पत्रकारको हकहितमा काम गर्छु -नगरप्रमुख सरावगी

प्रस, वीरगंज, १६ चैत/

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले आफू सदैव पत्रकारको हकहितको विषयमा चिन्तित रहेको र आगामी दिनमा पनि यो पेशालाई अगाडि बढाउन इमानदार प्रयास गर्ने बताएका छन्।

प्रेस चौतारी नेपाल, पर्सा शाखाको बैठकमा उनले सो कुरा जाहेर गरेका हुन्। उनले प्रेस चौतारीलाई प्राथमिकतामा राखेर सबै पत्रकारहरूको हकहितमा काम गर्दै आएको र काम गर्ने पनि प्रतिबद्धता जाहेर गरे। पत्रकारहरू आर्थिक समस्याबाट जुझिरहेका र आफ्नो कार्यकालमा पत्रपत्रिकाहरूलाई सहयोग पुग्नेगरी सञ्चार ऐन ल्याएको बताए।

आगामी स्थानीय चुनावमा आफू एमालेबाट वीरगंज महानगरमा पुनः नगरप्रमुख पदमा चुनाव लड्ने र त्यसका लागि पत्रकारिता क्षेत्रबाट सहयोग प्राप्त हुने उनले विश्वास व्यक्त गरे।

प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य एवं मधेस प्रदेशका सह–इन्चार्ज शत्रुघ्न नेपाल, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले आगामी स्थानीय चुनावमा पर्साका चौधवटै पालिकामा एमालेका उम्मेदवारहरूलाई सहयोग पुग्नेगरी समाचार तयारी गर्न र उम्मेदवारहरूलाई जिताउने रणनीति बनाउन सुझाएका थिए।



तस्वीरः प्रतीक

यसैगरी यही चैत २२ गते एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीको वीरगंजमा हुने आमसभा भव्यरूपमा सम्पन्न गर्न पत्रकारहरूलाई आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्न आग्रह गरिएको थियो।

बैठकमा तुलसी भण्डारी, युवराज खड्का, सन्तोष पटेल, आशिक अन्सारी, सञ्जयसाह कानूलगायतले विचार व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण राजेन्द्र सिंह नेपालीले गरेका थिए।

## पर्सामा गठबन्धन हुँदैन– प्रवक्ता पाण्डे

प्रस, वीरगंज, १६ चैत/

नेपाली काङ्ग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेले पर्सा जिल्लामा नेपाली काङ्ग्रेस स्थानीय चुनावमा गठबन्धन नगरी एक्लै लड्ने बताएका छन्।

नेका पर्सा जिल्ला कार्यसमितिले गरेको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता पाण्डेले पर्सा जिल्ला काङ्ग्रेसको गढको रूपमा पहिचान भएको र अन्य दलसँग गठबन्धन गरेको खण्डमा पार्टीको साख नरहने बताए।

उनले केन्द्रीय कमिटीको निर्णय अनुसार आवश्यक परेको खण्डमा गठबन्धन गर्ने निर्देश भएकोले पर्सा जिल्लामा त्यस्तो गठबन्धनको काङ्ग्रेसलाई आवश्यकता नभएको प्रस्टचाए। उनले पर्सा जिल्लाको चौधवटै पालिकाहरूमा प्रतिनिधि छनोटको लागि काम भइरहेको र चैत २० गतेसम्म प्रतिनिधिहरूको नाम छनोट भएर




जिल्लामा पठाउने तयारी भएको बताए।

जिल्ला कार्यसमितिले सभापति जनार्दनसिंह क्षत्रीको अध्यक्षतामा कार्य सम्पादन समिति निर्माण गरेको र सो समितिमा उपसभापति रामनारायण कुर्मी, अशोक गुप्ता, सचिव इम्तियाज आलम, दिनेश चौधरी, सहसचिव नवीनकुमार सिंह, मदन अहिर, कोषाध्यक्ष प्रेमबहादुर थापालगायत रहेको बताए।

## स्थापना दिवसमा प्रभातफेरि

प्रस, वीरगंज, १६ चैत/




तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घको ६७औं स्थापना दिवस वीरगंजमा मनाइएको छ। नेपाल पत्रकार महासङ्घ, पर्साले सो अवसरमा प्रभातफेरीको आयोजना गऱ्यो।

घण्टाघरबाट निस्केको प्रभातफेरी नगर परिक्रमापछि सोही ठाउँमा पुगी कोणसभामा परिणत भएको थियो।

कोणसभामा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा र शाखा अध्यक्ष अनुप तिवारी, प्रेस युनियन पर्साका अध्यक्ष रामनारायण कुर्मी, समाजवादी प्रेस सङ्गठनका अध्यक्ष नरेश पटेल, पूर्व सभापति शङ्कर खतिवडाले मूल्यनिष्ठ पत्रकारिता गर्न पत्रकारहरूलाई सुझाएका थिए। उनीहरूले पत्रकार महासङ्घ सबै पत्रकारहरूको साझा संस्था भएकोले यसको गरिमा उच्च बनाउने कार्यमा सबै पत्रकारहरूको समान सहभागिता आवश्यक रहेको बताए। पछिल्लो चरणमा सञ्चार क्षेत्रमा आमूल परिवर्तन आएको र त्यसको बहुआयामिक पक्षको मनन गर्दै समाचार सम्प्रेषण गर्न आग्रह गरे।

## 'व्यक्ति एक विशेषता अनेक' पुस्तकबारे विचार विमर्श




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ चैत/

कानून व्यवसायी, राजनीतिज्ञ एवं समाजसेवी स्व प्रेमनाथ शर्माको व्यक्ति एक विशेषता अनेक पुस्तकबारे आज वीरगंजमा विचार विमर्श गरिएको छ।

२०७६ सालमा प्रकाशित पुस्तकबारे आज महानगरपालिकाको सभाकक्षमा विचार विमर्श गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि उपप्रमुख शान्ति कार्कीले स्व. शर्मा आफ्नो काम, कर्तव्यले पहिचान बनाएको बताइन्। उनले कानून व्यवसायी, राजनीतिज्ञ र समाजसेवा तीनवटै क्षेत्रमा स्व शर्माले अविस्मरणीय योगदान पुऱ्याएको चर्चा गरिन्।

यसैगरी, कार्यक्रममा वरिष्ठ पत्रकार जगदीशप्रसाद शर्मा, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष गणेश लाठ, नेपाल पत्रकार महासङ्घका सदस्य केसी लामिछाने, नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेशका सभापति फुलमहम्मद मियाँ, वडाध्यक्ष ध्रुव नेपाललगायतले स्व. शर्माकोबारेमा आआफ्नो विचार व्यक्त गरेका थिए। उनीहरुले स्व. शर्मालाई उनको योगदानको कारण चिरकालसम्म स्मरण भइरहने बताए।

कार्यक्रमको अध्यक्ष पुस्तक लेखिका स्व शर्माकी जेठी बुहारी लक्ष्मी पोखरेलले आगामी दुई वर्षमा पुस्तकको दोस्रो संस्करण प्रकाशन गरिने जानकारी गराइन्। उनले स्व. शर्मालाई चिरकालसम्म स्मरणका लागि रु २ लाखको अक्षयकोष स्थापना गरेको र पुस्तक बिक्रीबाट प्राप्त रकम पनि अक्षयकोषमा राखिने जानकारी गराइन्। कार्यक्रममा स्व शर्माका कान्छा छोरा श्याम पोखरेल, लक्ष्मीनाथ नेपाल, अरविन्द सिंह, श्याम बन्जारालगायतको उपस्थिति थियो भने कार्यक्रमको सहजीकरण उदयराज शर्माले गरेका थिए।

## सबै नाका खुल्यो ठोरी नाका खुलेन

चिरञ्जीवी सापकोटा, ठोरी, १६ चैत/

कोरोना कहरको बेलादेखि बन्द भएको पर्साको ठोरी नाका अझै खुलेको छैन। जिल्लाका सबै नाका खुलेको धेरै समय बितिसक्दा पनि ठोरी नाका नखुल्नु ठोरीप्रति राज्यले बेवास्ता गर्नु हो।

मधेस प्रदेश सरकारले ठोरीलाई मधेसकै पहिलो पर्यटकीय क्षेत्र घोषणा गरे तापनि नाका खोल्न पहल नगर्नु अत्यन्तै दुःखद पक्ष रहेको समृद्ध ठोरी अभियानका संयोजक तथा नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि प्रकाश खनालले बताए।

ठोरी घुम्न आउने भारतीय पर्यटकहरूलाई निकै सास्ती भोग्नुपरेको छ। गाडी लिएर ठोरी घुम्न आउने भारतीयहरूले गाडी भारतको भिखना ठोरीमा नै राखेर नेपाल आउनु पर्ने अवस्था छ, जसका कारणले पर्यटकहरूलाई सास्ती भइरहेको छ। मधेस प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक ठोरीमा गत ११ गते बसेको थियो।

मन्त्रिपरिषद्को बैठक बसी ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गरे तापनि नाका बन्द हुँदासमेत चुपचाप बस्नु ठोरीवासीका लागि दुर्भाग्यपूर्ण रहेको खनालको भनाइ छ।



बन्द अवस्थामा छोटि भन्सार कार्यालय ठोरी। तस्वीरः चिरञ्जीवि सापकोटा

ठोरी घुम्न आउने पर्यटकहरू ७० प्रतिशतभन्दा बढी भारतीय रहने गरेका छन् भन्ने उच्च अधिकारीहरूलाई बारम्बार अनुरोध गर्दासमेत अझैसम्म बन्द रहेको नाका खोल्ने कुनै प्रयास नहुनु ठोरीवासी र यहाँको पर्यटनका लागि अभिशाप बनेको स्थानीयको भनाइ छ।

पुरानो समयमा नुन भित्र्याउने नाकाको रूपमा परिचित तथा नाकाबन्दीको समयमा राज्यलाई नै पेट्रोलियम पदार्थ भित्र्याई भरथेग गरेको भए पनि कोरोना कहर बितेको लामो समयसम्म ठोरी नाका खोल्न बारम्बार

(बाँकी पाँचौं पातामा)

## देशभर ग्यास तथा पेट्रोलियम पदार्थको कारोबार ठप्प गर्ने चेतावनी

प्रस, वीरगंज, १६ चैत/

राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिको निर्देशनमा देशभरका ग्यास तथा पेट्रोलियम पदार्थको कारोबार ठप्प हुने भएको छ।

समितिले विभिन्न समयमा नेपाल आयल निगम केन्द्रीय कार्यालयसमक्ष ६ सूत्रीय माग प्रस्तुत गरेकोमा नेपाल आयल निगम र सरकारले मागप्रति बेवास्ता गरेको भन्दै आन्दोलन घोषणा गरेको छ।

घोषित आन्दोलन अनुसार चैत १५ गतेसम्म अन्तर्क्रिया, प्रचारप्रसार कार्यक्रम थियो भने १६ गते पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्याङ्करहरुले पिडिओ लिन बन्द गरेका छन्।

यसैगरी चैत १७ गते ग्यास उद्योगले बिक्रेताहरुलाई ग्यास दिन बन्द गर्ने र चैत १८ गतेदेखि पेट्रोलियम पदार्थको ढुवानी, लोड–अनलोड सबै कार्य बन्द गर्ने तथा २० गतेदेखि माग पूरा नहुन्जेल देशभर एलपी ग्यास र पेट्रोलियम पदार्थको बिक्री बन्द गर्ने चेतावनी दिएको छ। पेट्रोलियम पदार्थ ढुवानी व्यवसायी

(बाँकी पाँचौं पातामा)

**सूचना ! सूचना !! सूचना !!!**

**नेपाल नेत्र ज्योती सङ्घ जिल्ला शाखा रौतहट**को साधारणसभा यहि मिति २०७८ साल चैत २२ गते मङ्गलवारका दिन हुन भएकाले सम्पूर्ण सभा सदस्यहरू यो सूचना प्रकाशित गरिएको छ।

**साधारणसभा हुने मिति** : मिति २०७८ साल चैत २२ गते मङ्गलवार
**स्थान र समय** : गौर आँखा अस्पताल, पुरेनवा, दिनमा ११ बजे

## विचारसार एवं सूक्तिहरू

**कसैको कठोर वचनको जवाफ नदेऊ। जब कोही तिमीप्रति कठोर हुन्छ, उसले आफ्नो चरित्र बताइरहेको हुन्छ, तिम्रो होइन। यस्तोमा मौन बस।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## रोग र गरीबी

**रोगले गरीबी ल्याउँछ कि गरीबीले रोग निम्त्याउँछ। यो प्रश्न परस्पर जोडिएको छ। गरीबीले मानिसलाई पोषक तत्त्व खान, मौसम अनुकूल पहिरन बदल्न गाह्रो हुन्छ। जटिल रोगका लागि पनि सस्तो, काम चलाउ र क्वेकहरूको भर पर्न बाध्य पार्छ। यसरी गरीबीले रोग निम्त्याउँछ। रोगले पनि गरीबी निम्त्याउँछ। किनकि असाध्य र जटिल खालको रोग लागेको छ भने मानिसले आजीविका गुमाउँछ, धन–सम्पत्ति बेचेर पनि उपचार गराउन खोज्छ। भर्खरै एउटा तथ्याङ्क प्रकाशित भएको छ–जस अनुसार नेपालमा रोगले गर्दा बर्सेनि पाँच प्रतिशत मानिस गरीब हुने गरेका छन्। यो कहालिलाग्दो तथ्याङ्क हो। किनभने २५ प्रतिशत गरीबी रहेको मुलुकमा प्रतिवर्ष पाँच लाख थपिंदै जाने हो भने देश गरीबीको रेखामुनि पुग्छ। यस्तोमा सरकारले बढी जागरूक हुनु जरूरी हुन्छ। किनकि आजको युगमा रोगलाई पूर्वजन्मको पाप मानिंदैन। देशको स्वास्थ्य सजगता, प्राप्त खाद्यान्नको गुणस्तर, मौसम, प्रदूषणले मानिसलाई बिरामी बनाइरहेको हुन्छ। यसको जिम्मेवार सरकार हो। यद्यपि नेपालले स्वास्थ्य क्षेत्रमा राम्रो बजेट लगानी गर्दछ। सस्तो दरमा स्वास्थ्य बीमा तथा ७० वर्ष नाघेका ज्येष्ठ नागरिकका लागि रु एक लाखको निश्शुल्क स्वास्थ्य बीमा गरिदिने गरेको छ।**

**सरकारले जनताको स्वास्थ्यप्रति सरोकार राखेको देखिन्छ। सरकारी अस्पताल, स्वास्थ्य केन्द्रहरू, स्वास्थ्य बीमा आदि उदाहरण हो। असाध्य रोगका लागि पनि बर्सेनि केही रकम छुट्याउने गरेको छ। यसले जनताको स्वास्थ्यप्रति सरकारको दायित्व बढेको देखिन्छ। यो दायित्व आउँदा दिनहरूमा अझ बढ्दै जान्छ। किनकि देशमा नयाँनयाँ रोगहरू थपिएसँगै रोगीहरूको सङ्ख्या पनि बढ्दै छ। असाध्य रोगीहरूको सङ्ख्या पनि थपिंदो छ। अहिले नै सबै असाध्य र दीर्घ रोगहरूको सरकारले निश्शुल्क उपचार गर्न सकेको छैन भोलि झन् कसरी गर्ला ? आजै त निश्शुल्क औषधि गरीबलाई उपलब्ध हुन सकिरहेको छैन। जाबो दुई रुपियाँ पर्ने सिटामोल सरकारी फर्माहरूमा उपलब्ध हुन गाह्रो छ। यसर्थ रोगको उपचारमा जानुको साथसाथै रोग नलाग्ने उपायतिर ध्यान दिनु आवश्यक छ। भोजन एक छाक नखाए हुने, उपचार भने गर्नैपर्ने हुन्छ। यस्तोमा उपचारमैं धेरै मानिसको टाट पल्टिन्छ।**

**यसरी टाट नपल्टोस् भनेर सरकारले स्वास्थ्य बीमाको योजना ल्याएको हो। यसै पनि मानिस सचेतनाको अभावमा बीमा गराउन झन्झटिलो मान्छ, त्यसमा बीमा धारकले नै कुन सुविधा पाएको छ र मरिहत्ते गर्नु ! ७० उमेर कटेका ज्येष्ठ नागरिकले त निश्शुल्क पाउने हुँदा थोरै मिहिनेत गरिहाल्ला। त्यसमा पनि गाउँ–घरतिर बीमा एजेन्टहरूले निश्शुल्क बीमा कार्ड बनाउनसमेत सेवाग्राहीसँग नजराना असुल्ने गरेको सुनिएको छ। यो स्तम्भकार स्वयं निश्शुल्क बीमा कार्ड धारक हो। तर आज एक वर्ष बित्दा सरकारी सुविधाको नाममा न औषधि पाएको छ, न चाहिने स्वास्थ्य उपचार नै। किनकि सरकारी अस्पतालमा सबै स्वास्थ्य सेवा उपलब्ध छैन, एकपटक औषधि लिन गएको अस्पतालको औषधि पसलले जम्मा १७५ रुपियाँको औषधि दियो, झन्डै एक हजार पर्ने औषधि बजारबाट किन्न फर्मायो। बजारबाट किनेको औषधिको न अस्पतालले पैसा दिन्छ, न बीमा बोर्डले नै। हुनेखानेलाई त यस्ता कुराले असर पार्दैन तर गरीबको पैसा जान्छ, सन्तोष पनि जान्छ। सरकारले स्वास्थ्य बीमाको नाममा जनताको भावनासँग खेलवाड गर्दा मानिसले के भनेर सन्तोष गर्ने ?**

# शिक्षक र प्रहरी सेवाप्रति आकर्षण

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आजभोलि मानिसका आधारभूत आवश्यकताको पुनर्परिभाषा हुन थालेको छ र पहिलेको गाँस–वास–कपाससँगै शिक्षा–स्वास्थ्य–सुरक्षालाई पनि आधारभूत आवश्यकतामा जोड्न थालिएको छ।**

आफ्नो देश छाडेर विदेशमा रोजगार खोज्न जानेको सङ्ख्या गत फागुन महीनामा कम भएको एउटा समाचार आएको थियो।

हरेक वर्ष देशमा पाँच लाखभन्दा बढी श्रम बजारमा रोजगारका लागि युवाहरू थपिइरहेका छन्। युवाहरू हरेक वर्ष कतिले रोजगार वा स्वरोजगार पाइरहेका छन् ? यस प्रश्नको उत्तर दिन सजिलो छैन। अनौपचारिक क्षेत्र तथा व्यवसायमा लागेका युवाहरूको सही तथ्याङ्क पाउन मुश्किल छ। रोजगारको क्षेत्र पनि विस्तार हुँदै गएको अर्को सत्य पनि हो।

अहिलेका युवाका लागि निकै परिचित सरकारी सेवामध्ये शिक्षण तथा प्रहरी सेवा हो। संयोग अहिले दुवैमा खुब भिडेका छन् मानिसहरू। एउटाले शिक्षा दिन्छ र अर्कोले सुरक्षा। यी दुई महत्त्वपूर्ण पेशमा जान चाहनेहरूले अहिलेको समयको खूब उपयोग गरिरहेका छन्। यसको कारण के छ भने दुवै पेशको लागि निकै महत्त्वपूर्ण समय अहिले भइदिएको छ।

शिक्षण पेशमा जान चाहनेले अहिले परीक्षा दिइरहेका छन्। प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको खुला लिखित परीक्षाको पहिलो चरणको परीक्षा चलिरहेको छ। यससँगै जो शिक्षण पेशमा आबद्ध छन्, उनीहरूको बढुवाको परीक्षा पनि हुँदैछ एक हप्ताभित्र। शिक्षक बन्न चाहने, माथिल्लो तहमा बढुवा हुन चाहने तथा श्रेणीगत आन्तरिक बढुवा हुन चाहनेहरू सबै किसिमका युवा तथा शिक्षकहरूको सर्वाधिक व्यस्तताको समय यही भएको छ। एक हिसाबले शिक्षकको परीक्षाको दृष्टिकोणले यो महाकुम्भ नै हुन पुगेको छ, नेपालमा।

प्रहरी सेवामा पनि बढुवाको समय देखिएको छ। सहायक हवलदार, वरिष्ठ हवलदार, वरिष्ठ सईमा बढुवाको कुरा आइरहेको छ। आन्तरिक बढुवाले सम्बन्धित पेशाका मानिसको मनोबल उच्च हुने कुरामा दुई मत छैन। आफ्नो पेशाप्रति गर्व लाग्ने एउटा आन्तरिक कारण बढुवा भएर अझ राम्रो सेवा गर्न पाउने लालसा पनि हो। बढुवाको आशा हरेक कर्मचारीलाई हुन्छ।

नेपाल प्रहरीमा भर्ना हुन चाहनेले दिएको शारीरिक तन्दुरूस्ती तथा स्वास्थ्य परीक्षाको नतीजा हालै प्रकाशित भएको छ। यस नतीजामा सफल हुनेहरूमा एउटा उत्साह थपिएको छ। अब लिखित परीक्षाको तयारी गरिरहेका छन्। लिखित परीक्षामा नाम निकालेपछि एउटा खुडकिलो बाँकी रहन्छ। शारीरिक तन्दुरूस्तीको नतीजा नआउँदासम्म के होला र कसो होला भन्ने अन्योलमा रहेकाहरूले भने अब भिडेर लिखितको तयारी गरिरहेका छन्। लिखित परीक्षाको मिति तोकिसकिएको छ। वैशाखमा प्रहरी जवानको लागि लिखित परीक्षा हुँदैछ। लिखित परीक्षामा सहभागी हुने योग्यता सम्भवतः शारीरिक तन्दुरूस्तीको चरण पार गरेका प्रतियोगीहरूको मात्र हुने हुन्छ।

शारीरिक तन्दुरूस्ती तथा स्वास्थ्य सम्बन्धी परीक्षामा उत्तीर्ण भएर लिखित परीक्षामा सहभागी हुने तयारी गरिरहेका परीक्षार्थीले वैशाखमा हुन गइरहेको स्थानीय तहको चुनावमा खट्ने म्यादी प्रहरीको भर्नाको क्रममा प्राथमिकता पाउने भएका छन्। यसकारण पनि शारीरिक तन्दुरूस्तीको नतीजा सकारात्मक आउने र म्यादी प्रहरीमा भर्ना हुन चाहनेका लागि सन्तोषको कुरो भएको छ। यद्यपि शारीरिक तन्दुरूस्तीको परीक्षामा सफल भएका उम्मेदवारमध्ये कतिपयले पहिले म्यादी प्रहरीमा भर्ना हुन आवेदन दिएका भए पनि अब म्यादी प्रहरीमा जान नचाहेको अवस्था छ। यसको कारण यो पनि हो कि म्यादी प्रहरीमा जाँदा अलमल बढी हुन्छ। यदि म्यादी प्रहरीमा छनोट भइहाल्यो भने तालीममा खट्नुपर्छ र तालीममा जाँदा लिखित परीक्षाको तयारी गर्न समय पुग्दैन, ध्यान जाँदैन। लिखित परीक्षाको तयारीमा बढी ध्यान दिनु प्राथमिकता हुनुपर्ने कतिपयको विचार छ।

म्यादी प्रहरीको सन्दर्भ उप्किइसकेको छ। देशभर एक साथ चुनाव हुन गइरहेकोले हरेक जिल्लामा म्यादी प्रहरीको भर्नाको लागि छनोट चलिरहेको छ। लाखौं युवा छनौट प्रक्रियामा सहभागी भइरहेका छन्। मधेसको हरेकजसो जिल्लामा उत्तिकै भीड देखिएको छ। युवाहरूमा उत्साह बढी देखिएको हो कि बेरोजगारी बढी देखिएको हो, छुट्याउन मुश्किल छ। म्यादी प्रहरीमा भर्नाको लागि छनोट प्रक्रियामा युवाहरूले अत्यधिक उत्साह देखाइरहेका छन्। सम्भव भएसम्म युवाहरू चुनावलाई सफल बनाउन र केही आर्थिक लाभ आर्जन गर्न म्यादी प्रहरीमा भर्ना हुन लालायित छन्।

म्यादी प्रहरीमा भर्ना हुनु अल्पकालीन काम हो। देशलाई थोरै समयको लागि युवा समुदायले गर्ने विशिष्ट सेवा हो। गाउँ समाजमा अहिले पनि के मानिन्छ भने चुनावको समयमा म्यादी पुलिसले समाजको सम्मान आर्जन गरेको हुन्छ। देशको सेवा त हो नै, समाजले हेर्ने सम्मानपूर्ण दृष्टि आफैंमा महत्त्वपूर्ण हुन्छ। कम्तीमा पाँच वर्ष यो गौरवमय अनुभूति लिन पाउँछन् युवाहरू कि फलानो पालिकाको फलानो बुथमा भएको चुनावमा सुरक्षा प्रदान गरेको थिएँ। र जीवनभरको लागि एउटा कुरा के सिक्न पाउँछन् भने प्रहरी सङ्गठनमा आफूभन्दा सिनियरको कसरी सम्मान गर्नुपर्छ। प्रहरी सङ्गठनको मर्यादाबारे युवाहरूले जान्न पाउने एउटा ठूलो अवसर पनि हो म्यादी प्रहरी।

युवालाई समाज सेवामा जोड्ने एउटा कडी पनि हो म्यादी प्रहरी। होला, कतिपयले सोझै म्यादी प्रहरीलाई पैसाको लागि गएको बुझ्लान् तर यस बुझाइमा अधूरोपन छ। म्यादी प्रहरीमा भर्ना भइसकेपछि प्रहरी अनुशासनबारे बुझ्ने त हुन्छन् नै शारीरिक तन्दुरूस्तीलाई जीवनभर आत्मसात् गर्नेहरू पनि छन्। सुरक्षाको सवालमा जे कुरा सिकेका हुन्छन्, कतिपयले आफूलाई सुरक्षाको निम्ति सक्षम ठान्छन्। छोटो अवधिको तालीमको पनि धेरै महत्त्व हुने कुरा समाजले राम्ररी बुझेको छ। आपत्‌विपत्‌मा यस प्रकारको तालीम लिएका मानिसले सहयोग गरिरहेको यथार्थ हाम्रो सामु छँदैछ।

सामाजिक सञ्जालदेखि समाजसम्म अहिले प्रहरी र शिक्षकको चर्चा खूब भइरहेको छ। समाजको जुन वर्ग बढी चलायमान अर्थात् सक्रिय हुन्छ, सोही वर्गको बढी चर्चा हुने गर्दछ। वास्तवमा चुनाव नजीकिंदै गर्दा चुनावको चर्चाले विस्तारै उत्कर्ष प्राप्त गर्दै गरेको छँदैछ। यदि राजनैतिक सन्दर्भलाई एक छिन ओझेल पारेर विचार गर्ने हो भने वर्तमान समाजमा सबैभन्दा बढी चर्चा यही दुई पेशाको भइरहेको छ। शिक्षित वर्गको मुखमा शिक्षकको परीक्षा र युवाबीच म्यादी प्रहरी तथा प्रहरी भर्ना जवानको सन्दर्भ बढी देखिन्छ।

आजभोलि मानिसका आधारभूत आवश्यकताको पुनर्परिभाषा हुन थालेको छ र पहिलेको गाँस–वास–कपाससँगै शिक्षा–स्वास्थ्य–सुरक्षालाई पनि आधारभूत आवश्यकतामा जोड्न थालिएको छ। मानिसका आधुनिक तीन आधारभूत आवश्यकतामध्ये शिक्षा र सुरक्षाको सवाल जब रोजगारसित जोडिन्छ तब स्वाभाविकरूपमा समाजमा तरङ्ग उत्पन्न हुन्छ।

चुनाव आइसकेको छ। परदेश गएर कमाएर ल्याउने युवाहरूका दुईथरी सपनाले परदेश जान अहिले केही कम भएको अवस्था हो। पहिलो कुरो त चुनाव धेरैको चासोको विषय हो। चुनावमा धेरैको चासो हुने भएको र आगामी पाँच वर्षका लागि आफ्नो प्रतिनिधि छान्ने अवसर नजीक आइसकेकोले चुनावसम्म युवा घरमैं बस्न चाहेका हुन्। र, चुनावमा घरमा बस्न खोज्दाखोज्दै ताक परे अलिकति पैसा कमाइहालिन्छ भनेर म्यादी प्रहरीमा भर्ना हुन चाहेका हुन्। विदेशमा पनि यति दिनमा म्यादी प्रहरीमा भर्ना भएपछि आउने पैसाभन्दा बढी आउने होइन। दोहोरो लाभ हुने अवस्था अहिले देशमा नै रहेको छ। अनि विदेश किन जानु ?

जब देशमा रोजगारको अवसर र सम्भावना हुन्छ तब युवाहरू विदेश जान खोज्दैनन्। चुनावको सिलसिलामा धेरै युवा परिचालित भइसकेका छन्। सम्भावित उम्मेदवारहरूले उनीहरूलाई परिचालित गरिसकेका छन्। अब चुनाव नसकुन्जेल सबैभन्दा बढी बेफुर्सदी गाउँमा पहिलेदेखि पूर्ण बेरोजगार युवाहरू नै हुनेछन्। चुनावको सन्दर्भले अहिले युवाहरूलाई धेरैतिरबाट अवसर रहेको छ। यद्यपि अल्पकालीन अवसर हो र युवाको महत्त्व दर्शाउने अवसर हो।

र अन्तमा, नेपालमा रोजगारको हरेक क्षेत्रमा उत्तिकै प्रतिस्पर्धा हुन थालेको छ। अहिले शिक्षकको लागि देखिएको प्रतिस्पर्धा र म्यादी प्रहरी तथा नेपाल प्रहरीको लागि देखिएको प्रतिस्पर्धाले नेपाली युवाहरूमा प्रतिस्पर्धात्मक क्षमताको विकास भएको र आफूलाई योग्यभन्दा योग्य बनाउने दिशातिर केन्द्रित हुँदै गएको देखिएको छ। युवाहरूमा प्रतिस्पर्धी भावनाको विकास हुनुलाई सकारात्मक अर्थमा लिनुपर्छ।

# गणपूरक सङ्ख्या नपुगेपछि प्रदेशसभाको बैठक स्थगित

जनकपुर, १६ चैत/रासस

मधेस प्रदेशसभाको आजको बैठक स्थगित भएको छ। बैठकमा आवश्यक गणपूरक सङ्ख्या नपुगेपछि सभामुख




सरोजकुमार यादवले बैठक बिहीवार बिहान ११ बजेसम्मका लागि स्थगित गरेका हुन्।

बैठकको शुरूमैं प्रतिपक्षी दलका प्रदेशसभा सदस्य बैठकका लागि आवश्यक गणपूरक सङ्ख्यासहित उपस्थित नभएकाले बैठक स्थगित गर्न माग गरेका थिए।

बैठकको शुरूमैं बोल्दै लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य तथा सचेतक परमेश्वर साहले बैठकका लागि चाहिने आवश्यक गणपूरक सङ्ख्या नपुगेकाले बैठक स्थगित गर्नुपर्ने बताए।

आजको प्रदेशसभा बैठकमा प्रदेशप्रमुख कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र वाचन गर्ने, प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहद्वारा प्रस्तुत प्रदेश प्रहरी ऐन कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि समेत छलफल हुने कार्यसूची थियो।

यस्तै आजको बैठकमा प्रदेश सरकारका उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुघ्न महतोले प्रदेश पर्यटन प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव र न्जितकुमार यादवले बताए।

## सहमति/असहमति

पाठक/पत्र प्रतिक्रिया

१४ गते प्रतीकमा अनन्तकुमारलाल दासको लेख 'परीक्षाको तयारी कसरी गर्ने ?' पढें। लेखमा उल्लिखित कतिपय बुँदामा सहमति र केहीमा असहमति छ। मानिसको जीवनमा तनावको त्यस्तै महत्त्व छ जस्तो भोजनमा नुनको। नुनको उचित मात्राले भोजन स्वादिष्ट बन्छ बढी भयो भने बान्ता गराइदिन्छ। तनाव भएन भने विद्यार्थीको पढाइमा स्वाद वा चेष्टा नै हुँदैन। अत्यधिक तनावले भने परीक्षामा गडबड गर्छ। लेखक भन्छन् प्रत्येक दिन नियमित पढाइ गर्नु परीक्षा उत्तीर्ण हुने रामवाण उपाय हो। तर भिन्नभिन्न विद्यार्थीको पढाइको विधि भिन्नाभिन्नै हुन्छ। उसको दिमागले याद गर्ने आफ्नै तरीका हुन्छ।

लेखकले क्लास वा कोचिंगको नोट पढ्न जोड दिएका छन्। म यसमा सहमत छैन। एक त एसएलसीसम्म क्लासमा नोट गर्ने चलन नै हुँदैन। लेक्चर नोट गर्ने विधि कालेजको हो। तर त्यसमा पनि मेरो असहमति छ। यसले हुन्छ के भने लेख्ने काम त हुन्छ तर बुझ्ने काम हुँदैन। त्यसैले क्लासमा सुन्ने र बुझ्ने काम मात्र गर्नुपर्छ। घर आएर सो विषय आद्योपान्त र मनोयोगले पढ्नुपर्छ। सके त्यही विषयमा लेखिएका अन्य लेखकका किताब पनि पढ्नुपर्छ। यसरी मस्तिष्कमा विषय राम्ररी बसेपछि नोट तयार पार्नुपर्छ। तर यति कुरा केवल र केवल निरन्तर र नियमित अध्ययनको बानीले नै प्राप्त हुन्छ, सिजनल पढाइले होइन।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# मापदण्डविपरीत प्लटिङ, खेतीयोग्य जमीन साँघुरिँदै

जीतलाल श्रेष्ठ, निजगढ, १६ चैत्र/

सरकारले भू–उपयोग नीति लागू गरी जथाभावी जग्गा प्लटिङ गर्न रोक लगाए पनि खेतीयोग्य जमीन जथाभावी मासिने क्रम भने रोकिएको छैन ।


निजगढमा धमाधम खेतीयोग्य जमीनलाई प्लटिङ गर्दै । तस्वीरः प्रतीक

बारा जिल्लाको कलैया, कोल्हवी, डुमरवाना, सिमरा, निजगढलगायत नगरपालिकाहरूमा मापदण्ड मिचेर प्लटिङ गर्ने काम जोरशोरले चलिरहेको छ । विगतमा स्थानीय तहहरूले आफ्नो दायित्व पूरा गर्न सूचना मात्र टाँस गरेको स्थानीय बताउँछन् । तर सूचनालाई अटेर गरी मापदण्डविपरीत जग्गा कारोबार गर्ने समूहले निर्वाध प्लटिङ गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय विमानस्थल, स्मार्ट सिटी, आर्थिक क्षेत्र (सेज), रेल्वे विस्तार, द्रुतमार्गलगायत राष्ट्रिय गौरवका योजना सरकारले ल्याएसँगै तराईको उर्वरभूमि मासिने क्रम बढेको हो । यसलाई न्यूनीकरण गर्न सरकारले तयार गरेको ऐन, कानून कागजमा थन्कँदै आएको छ । सिंहदरबारको अधिकार स्थानीय तहलाई भने पनि स्थानीय तहहरूले कानून विपरीत खेतीयोग्य जमीन प्लटिङ र खण्डीकरण गरिरहँदा पनि रोक्न वा कानूनी दायरामा ल्याउन अग्रसरता देखाएको पाइँदैन ।

नापी कार्यालय, मालपोत कार्यालयका कर्मचारीसहित जग्गा कारोबारीहरू मापदण्डविपरीत कार्य गरिरहेको स्थानीय बताउँछन् ।

पछिल्लो सरकारी नीति अनुसार तराईको हकमा २० फिट चौडा बाटो राख्नुपर्ने भएपनि जग्गा कारोबारीले १६ फिट, १८ फिट चौडा बाटो राख्दै ग्राहकलाई झुक्याउँदै आएका छन् । कमीशनको भरमा सरकारी र गैर सरकारी बैंकका कर्मचारीले सहज, सरल ब्याज दरमा लोन मिलाउने भएकाले जग्गा कारोबार मौलाएको छ ।

'पैसा कमाउने नाउँमा जथाभावी भइरहेको छ । खोजबीन गर्न, गराउन सम्बन्धित निकायलाई कुनै चासो छैन– एकजना स्थानीयले बताए । साना कारोबारी हतोत्साहित भए पनि ठूला कारोबारीहरू स्थानीय तह, नापी कार्यालय, मालपोत कार्यालयका कर्मचारीहरूसँग मिलेमतो गरी मनोमानी गर्दै आइरहेको उनीहरूको आरोप छ ।

कागजात मिलाएर ल्याएपछि काम गरिदिनुपर्ने बाध्यता रहेको मालपोत कार्यालय सिमराका एकजना कर्मचारीले बताए । नापी कार्यालयका कर्मचारी स्थलगत निरीक्षणमा जान्छन् । तर सरकारले निर्धारण गरेको मापदण्ड विपरीत कामहरू भने भइ नै रहेको उनको आरोप छ ।

थोरै पूँजी हुनेले ७ धुर किन्छन् । त्यसमा सरकारको नीति अनुसार जग्गा छोड्नुपर्दा ७ धुरबाट घटेर ५/६ धुर मात्र जग्गा बाँकी रहने भएपछि अहिले उनीहरू समस्यामा परेका छन् ।

जग्गा कारोबारीको धन्दा मौलाउँदा खेतीयोग्य जमीन मासिँदै दिन प्रतिदिन कंक्रिटको शहर बढ्दो छ । धान, मकै फल्ने फाँट, खेतबारी अहिले टुक्रा/टुक्रा भइरहेको छ । केही दिन अघिसम्म चाक्लो देखिएको खेतीयोग्य जमीन प्लटिङ्गले टुक्रा–टुक्रा हुने क्रम बढेको छ । निजगढमा लगभग ३०/३२ सय हेक्टर खेतीयोग्य उर्वर जमीन छ । जसलाई ८/१० वर्ष यता सय बिघाभन्दा बढी खेतीयोग्य जमीन प्लटिङ गरी मासिएको अनुमान छ ।

लकडाउनका कारण अन्य विकासका कार्यमा असर परेजस्तै राष्ट्रिय योजना, आयोजना निर्माणमा समेत असर परेसँगै जग्गा किनबेचमा मन्दी आएको छ । अब, अवस्था समान्य हुदै गएपछि यस कार्यले गति लिन थालेको छ ।

०६८ सालको राष्ट्रिय कृषि गणनाका अनुसार खेतीयोग्य जग्गा २५ लाख २५ हजार हेक्टर छ । पछिल्लो १० वर्षको अवधिमा १ लाख २९ हजार हेक्टर खेतीयोग्य जग्गा मासियो । यो पाँच वर्ष अघिको तथ्याङ्क हो । जसले गर्दा तराई

(बाँकी चौथो पातामा)

# सरकार प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध

काठमाडौं, १६ चैत/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले वर्तमान सरकार प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको निमित्त प्रतिबद्ध रहेको बताएका छन् । नेपाल पत्रकार महासङ्घको ६७औं स्थापना दिवसको अवसरमा यहाँ आज आयोजित 'पत्रकार तथा सञ्चारमाध्यममा कोभिड–१९ को प्रभाव' विषयक छलफलमा सरकारका प्रवक्तासमेत रहेका कार्कीले लोकतन्त्र र प्रेस स्वतन्त्रता अभिन्न अङ्ग भएको बताए । उनले लोकतन्त्रलाई बलियो र संस्थागत गर्न पत्रकारिता क्षेत्रबाट अझै सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न र हालै कोभिड–१९ को समयमा समग्र पत्रकारिता क्षेत्रले खेलेको भूमिकाको प्रशंसा गरे । नेपालको संविधानले नै संवैधानिक हकको रूपमा प्रेस तथा सूचनाको हकको प्रत्याभूत गरेको सन्दर्भमा प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाप्रति वर्तमान सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ ।



तस्वीरः रासस

मन्त्री कार्कीले नागरिक समक्ष सूचनाको हक, सूचना पहुँचको कार्यान्वयन तथा पत्रकारको हकका लागि विभिन्न नीतिगत, कानूनी र संस्थागत विकास गर्नका लागि सरकारले विभिन्न कार्यक्रमसमेत ल्याएको जानकारी दिए ।

ज्येष्ठ पत्रकारको जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले रु पाँच करोड ३२ लाखको पत्रकार वृद्धि कोष स्थापना गरेको उनले बताए । मन्त्री कार्कीले भने–"त्यसबाट प्राप्त हुने ब्याजबाट ६५ वर्षभन्दा माथिका पत्रकारलाई वृद्धि कोष मापदण्ड स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको छ, सरकारले आम सञ्चारमाध्यम तथा पत्रकारमध्ये छजनालाई प्रत्येक वर्ष जनही रु एक लाखको राष्ट्रिय पत्रकारिता पुरस्कारको व्यवस्था गरेको छ ।"

प्रत्येक वर्ष दुईजना पत्रकारलाई रु दुई लाख र सम्मानपत्रसहित सम्मान गर्नुका साथै सञ्चार गृहले आयात गर्ने अखबारी कागजमा एक प्रतिशत मात्रै भन्सार लाग्ने व्यवस्था गरिएको उनले बताए । उनले आगामी आर्थिक वर्षदेखि पत्रकार र आमसञ्चारसम्बन्धी सबै कार्य सूचना प्रविधिको माध्यमबाट गर्ने तयारी हुनुका साथै संसद्मा छलफलका क्रममा रहेका सञ्चारसम्बन्धी विधेयकलाई अन्तिम रूप दिन छलफल भइरहेको बताए ।

उनले भने–"राष्ट्रिय आमसञ्चार ऐनको मस्यौदा टुङ्ग्याउने विषय, राष्ट्रिय प्रसारण नियमावली पछिल्लो संशोधनबारे सरोकारवालाले उठाएका प्रश्नको विषय, पत्रकारका लागि निश्शुल्क उपचार गर्ने विषय, पत्रकार कल्याण कोषको कार्यान्वयन गर्ने विषय, आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने विषय तथा मिडियाको हकहित तथा संरक्षणका लागि गर्नुपर्ने विषयमा सुझाव दिन आग्रह गर्दछु ।"

महासङ्घका अध्यक्ष विपुल पोखरेलले प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका मुद्दालाई सँगसँगै उठाउँदै आएको जानकारी दिए । कोरोना र अन्य समयमा पनि पत्रकारको स्वास्थ्य उपचारका निम्ति सहयोग गर्दै आएको उनले बताए ।

उनले सरोकारवालासँग भएको छलफलबाट प्राप्त निष्कर्षको आधारमा सञ्चारमैत्री कानून बनाउनुपर्ने मागसमेत गरे । दिवसको अवसरमा आज महासङ्घले प्रभातफेरी, फुटसल प्रतियोगिता, सञ्चारका विविध विषयमा विज्ञसहितको अन्तर्क्रिया, रक्तदान, स्वास्थ्य शिविरजस्ता रचनात्मक कार्यक्रम आयोजना गरको थियो ।

# स्वतन्त्रता सेनानी कानूको निधन

प्रस, सिम्रौनगढ, १६ चैत/

सिम्रौनगढ नगरपालिका–६ निवासी स्वतन्त्रता सेनानी जीयालालसाह कानूको ५८ वर्षको उमेरमा निधन भएको छ । दुई महीनादेखि कलेजो र मधुमेह रोगबाट ग्रसित कानूको भारत अहमदाबादस्थित सिभिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।



२०३३ सालदेखि नेपाली काङ्ग्रेसमा सक्रियरूपले लागेका कानूको पार्थिव शरीरमा नेका बारा क्षेत्र नं १ का सभापति एवं सिम्रौनगढका नगरप्रमुख विजयशङ्कर यादवले पार्टीको झन्डा ओढाइ सम्मान गरेका थिए ।

श्रद्धाञ्जलि कार्यक्रममा क्षेत्रीय सभापति मोहन कुशवाहा, नगरसभापति नागेन्द्रसाह कानू, वडाध्यक्ष शङ्करसाह कानू, नेकपा एकीकृत समाजवादीका परमानन्दसाह कलवार, लोकतान्त्रिक समाजवादीका रामजनमप्रसाद कुशवाहा, मदन साह, समाजसेवी सरयुग महतोलगायतको सहभागिता थियो ।

# नेपालका लागि अमेरिकाको राजदूतमा थम्सन प्रस्तावित

वाशिंगटन डिसी, १६/रासस

अमेरिकाका राष्ट्रपति जोसेफ बाइडेनले नेपालका लागि राजदूतमा डिन आर थम्सनलाई प्रस्ताव गरेका छन् । ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा नेपालका लागि राजदूतमा थम्सनलाई नियुक्त गर्न राष्ट्रपतिले प्रस्ताव गरेका उल्लेख गरिएको छ ।

लामो समय परराष्ट्र सेवामा कार्यरत थम्सन सन् २०२१ को सेप्टेम्बर १५ देखि अमेरिकाको परराष्ट्र सेवामा दक्षिण तथा मध्य एशियाका लागि मुख्य सहायकमन्त्रीको भूमिकामा कार्यरत थिए । उनको नियुक्तिलाई सिनेटले अनुमोदन गरेपछि नेपालका लागि राजदूत नियुक्त हुने व्यवस्था रहेको छ ।

परराष्ट्र सेवामा लामो समय काम गरेका थम्सन राजदूतको भूमिकामा पहिलोपटक नियुक्त भएका हुन् । यस अघि उनीसँग मलेशियाको राजधानी क्वालालम्पुरमा चिफ अफ मिशन भएर काम गरेको अनुभव छ । यस अघि रोमानियाका लागि उपनियोग प्रमुख भएर काम गरेका थम्सनले विभिन्न पदमा रहेर भारत, श्रीलङ्कालगायत देशमा पनि बसेको स्टेट डिपार्टमेन्टमा रहेको उनको व्यक्तिगत विवरणमा उल्लेख गरिएको छ ।

अमेरिकी विदेशमन्त्रीहरूलाई सीधा सहयोग, चौबीसै घण्टा खुला हुने अपरेशन सेन्टरलगायत विभिन्न एकाइमा बसेर देश सेवा गरेका थम्सनले परराष्ट्र सेवाभन्दा अघि रक्षा मन्त्रालय मातहत रहेर काम गरेको अनुभवसमेत छ ।

युनिभर्सिटी अफ मेरिल्यान्डको पब्लिक अफेयर्सबाट सार्वजनिक व्यवस्थापनमा स्नातकोत्तर गरेका उनले नेशनल सेक्युरिटी स्टडीमा स्नातकोत्तर उपाधि ग्रहण गरेका छन् ।

# महिला हिंसाबारे सडक नाटक

प्रस, बिरुवागुठी, १६ चैत/

पर्सागढी नगरपालिकामा महिला हिंसाबारे सचेतना जगाउन सडक नाटक सम्पन्न भएको छ ।


तस्वीरः प्रतीक

पर्सागढी नपाको सहयोगमा सहज सीप विकास केन्द्र प्रालि पर्साले हिजो र आज वडा नं ९ को तीनस्थान बडेर्वा, एकटाङ्गा र तेलियामा सडक नाटक प्रस्तुत गरेको कार्यक्रम संयोजक सुस्मिता चौधरीले बताइन् । कार्यक्रममा वडाध्यक्ष रामनारायणप्रसाद गौरोले गाउँ–समाजमा हुने महिला हिंसा, दाइजो प्रथा रोकथाममा सहयोगी भूमिका खेल्ने उद्देश्यले सडक नाटक प्रस्तुत गरिएको बताए । उनले महिला हिंसा रोकथाममा सडक नाटक प्रभावकारी साबित हुने दाबी गरे । घर, समाजमा हुने यस खाले गतिविधिबारे टोलका सबैजनाले चाख लिने गरेकोले उनीहरू सचेत भएर यसको रोकथाममा अगाडि आउने विश्वास लिएको बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय, एकटाँगाका प्रहरी नायब निरीक्षक नवलकिशोर साह, पत्रकार चिरञ्जीवी यादव, बलिराम शुक्ला, वडा सदस्य विष्णुनारायण गौरोलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# रक्तदान गरेर पत्रकारले मनाए स्थापना दिवस

सप्तरी, १६ चैत/रासस

रगत अभावका बेला नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाले आज राजविराजमा रक्तदान गरेर महासङ्घको स्थापना दिवस मनाएको छ ।

महासङ्घको ६७औं स्थापना दिवसका अवसर रक्तदान कार्यक्रम गरेर स्थापना दिवस मनाइएको हो ।

पत्रकार महासङ्घ कार्यालयमा भेला भएका यहाँका पत्रकारको ब्यानरसहित निक्लिएको प्रभातफेरी राजविराजस्थित रक्तदान सञ्चार केन्द्रमा पुगेर रक्तदान कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा पत्रकारसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र समाजसेवीले रक्तदान गरेका छन् ।

कार्यक्रममा प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी निरीक्षक किसमान तामाङ, महासङ्घका जिल्ला अध्यक्ष श्रवण देवलगायतले रक्तदान गरे ।

यसैगरी पत्रकार रक्षा चौधरी, ओमप्रकाश साह, हेमशङ्कर सिंह, रामनारायण यादव, शैलेशकुमार कर्ण, सशस्त्र प्रहरी सजित श्रेष्ठ, रबिन राई, कुबेर बोहरा, कमलप्रसाद गौतम, उद्धवप्रसाद चौलागाईं, सामाजिक कार्यकर्ता रामानन्द देव, दीपेशदेव जोशी, रवीन्द्र साहलगायतले रक्तदान गरेका छन् ।

विसं २०११ चैत १६ गते पत्रकार महासङ्घको स्थापना भएको हो । महासङ्घको स्थापना दिवसका अवसरमा सहभागी प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ

(बाँकी चौथो पातामा)

# चट्याङसहित वर्षाको सम्भावना

काठमाडौं, १६ चैत/रासस

आगामी तीन दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वा क्षणिक वर्षा हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार भारतको बिहार आसपास रहेको न्यून चापीय प्रणालीको सामान्य प्रभावका साथै स्थानीय वायुको प्रभावका कारण आगामी तीन दिन देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशका भूभागका केही स्थानमा मेघगर्जन रचट्याङसहित हल्का वा क्षणिक वर्षाको सम्भावना रहेको छ ।

तराई भूभागमा हल्का तापक्रम बढ्ने क्रममा रहेकोले गर्मीका कारण हुन सक्ने असरबाट बच्न आवश्यक सतर्कता अँगाल्न विभागले सबैमा अनुरोध गरेको छ ।

हाल देशको प्रदेश नं १ लगायत वाग्मती र गण्डकी प्रदेशको पहाडी भूभागमा सामान्य बदली रही अन्य भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १७.२ डिग्री र अधिकतम तापक्रम २६.४ डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम ६.२ डिग्री र सबैभन्दा धेरै नेपालगंजको अधिकतम तापक्रम ३५.५ डिग्री सेल्सियस रहेको छ ।

# पाँचौं बिम्स्टेक शिखर सम्मेलन

# क्षेत्रीय सहयोग प्रवर्द्धनमा प्रधानमन्त्री देउवाको जोड

काठमाडौं, १६ चैत/रासस

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) को प्रक्रियामा रचनात्मक योगदान गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै नेपालले बिम्स्टेक क्षेत्रको लचिलो, समृद्ध र दिगो विकास क्षेत्रीय सहयोग प्रवर्द्धनबाट हुनेमा जोड दिएको छ।

श्रीलङ्काको कोलम्बोमा जारी बिम्स्टेकको पाँचौं शिखर सम्मेलनलाई आज श्रव्यदृश्यका माध्यमबाट काठमाडौंबाट सम्बोधन गर्दै प्रधानमन्त्री शेरबहादुर देउवाले साढे दुई दशकको यात्रा पार गर्ने तरखरमा रहेको क्षेत्रीय सङ्गठन बिम्स्टेकलाई गतिशील एवं यस क्षेत्रका जनताको जीवनस्तर उठाउने क्षेत्रीय आकाङ्क्षा साकार तुल्याउन अन्तर्राष्ट्रिय संस्थाहरूसँग सुदृढ साझेदारी प्रवर्द्धन गर्नु अपरिहार्य भएको बताए।



तस्वीरः रासस



तस्वीरः रासस

साथै उनले सदस्य राष्ट्रको स्रोतको सदुपयोग गरी सङ्गठनलाई नवजीवन दिनुपर्ने बताए। प्रधानमन्त्रीले कोभिड-१९ महामारीका कारण आर्थिक, सामाजिक एवं विकासका क्षेत्रमा परेका प्रभाव घटाउन तथा बिम्स्टेक क्षेत्रको पुनःस्थापना सुनिश्चित गर्न बिमस्टेकले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने कुरामा पनि जोड दिए।

वर्तमान विश्वले जलवायु परिवर्तनलगायत विविध चुनौतीको सामना गरिरहेको, ती चुनौतीको प्रकृति जटिल रहेका बेला कोभिड-१९ को महामारीले निम्त्याएको सङ्कट, सञ्चार तथा सूचना प्रविधिको चरम विकासबाट अथाह लाभ हासिल गर्ने एकथरी र चरम गरीबीको रेखामुनि रहेका वर्गको उत्थानमा त्यसको उपयोग हुन नसक्दा गहिरिएको धनी र गरिबबीचको खाडल पुर्न सदस्य राष्ट्रबीच सहकार्य र साझेदारी आवश्यक भएको प्रधानमन्त्रीले बताए।

विगत दुई वर्षदेखि बिम्स्टेक क्षेत्र पनि महामारीविरुद्ध महालडाइँ लडिरहेको, लाखौंको मृत्यु भएको, धेरै जनता गरीबीमा परेको तथा संरचनात्मक कमजोरी अझ बढिरहेको यथार्थ चित्रण गर्दै उनले महामारीको प्रभाव बिस्तारै कम हुँदै गएको देखिए पनि त्यो समाप्त नभएकोले यसले आर्थिक गतिविधिर विकास शिथिल बनाउने बताए। "खोपको असमानताले उत्थानशील पुनरुत्थानमा अवरोध सृजना भएको छ"-प्रधानमन्त्रीले भने।

क्षेत्रीय सहयोगको भावना, एकता, सहयोग र सहकार्य, ऐक्यबद्धताको प्रतिज्ञा गर्ने मञ्च बिमस्टेक शिखर सम्मेलनको उच्च महत्त्व रहेको बताउँदै उनले बैंकक घोषणामा उल्लिखित शान्ति, प्रगति र समृद्धिको साझा लक्ष्यप्रति प्रतिबद्धता दोहोऱ्याए।

सडक, रेलमार्ग, हवाईमार्ग र जलमार्ग विस्तारबाट हाम्रो देश, समाज र बजारको एकीकरण, यातायात सञ्जाल, ऊर्जा, र 'पावर ग्रिड' अन्तरसम्बन्धमा लगानी गर्न आह्वान गर्दै प्रधानमन्त्रीले बिमस्टेकभित्रको अन्तर्क्षेत्रीय व्यापार र लगानीको मात्रा वृद्धि, नवप्रवर्तन, उद्यमशीलताको विकास, वस्तु र सेवाको व्यापार, लगानी प्रवर्द्धन, भन्सार मामिलामा पारस्परिक सहयोग आवश्यक भएको प्रधानमन्त्री देउवाले उल्लेख गरे।

शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी जोड्ने बुद्ध परिपथ शीघ्र सञ्चालनका निम्ति आह्वान गर्दै प्रधानमन्त्री देउवाले बुद्ध धर्म बिमस्टेक क्षेत्रलाई जोड्ने बलियो धागो हो भने।

'स्वस्थ जनता, उत्थानशील क्षेत्र, समृद्ध अर्थतन्त्रतर्फ बिमस्टेक' आदर्श वाक्ययुक्त पाँचौं शिखर सम्मेलनलाई प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्ष, जनवादी गणतन्त्र बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना, भूटान अधिराज्यका प्रधानमन्त्री लोटे छिरिङ, गणतन्त्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, थाइल्यान्ड अधिराज्यका प्रधानमन्त्री प्रयुत चान-ओ-चा बिमस्टेकका महासचिव तेन्जिन लेकफेलले सम्बोधन गरेका थिए।

विगत साढे तीन वर्षदेखि बिमस्टेक प्रक्रियाको सफल नेतृत्वका लागि श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्षलाई उनको सक्रिय नेतृत्व, प्रतिबद्धता र समर्पण, श्रीलङ्का सरकार, सदस्य राष्ट्रका विदेशमन्त्री, महासचिवलगायत शिखर सम्मेलन आयोजनामा संलग्न सबै पदाधिकारीप्रति प्रधानमन्त्री देउवाले हार्दिक आभार व्यक्त गरेका थिए।

# रातु ठाकुर मोक्षधाम निर्माणले गति लिंदै

- गोपालप्रसाद बराल

महोत्तरी, १६ चैत/रासस

महोत्तरीको बर्दिवास नगरपालिका-१ रातु नदी किनारमा 'रातु ठाकुरमोक्ष धाम' निर्माणले गति लिंदैछ। मान्छेको अन्तिम विश्रामस्थल मानिने अन्त्येष्टिस्थल निर्माणमा स्वस्फूर्त सहयोग जुट्दै गएपछि 'धाम' निर्माणको कामले गति लिएको हो।

रातु नदी किनारमा अहिले हिन्दू संस्कार विधिले गरिने अन्त्येष्टिका लागि धमाधम पाँचवटा शव-दाहस्थल बनाइँदैछ। पाँच बिघा सात कठ्ठा क्षेत्रको धामलाई सुगम, मनोरम र सुरक्षित बनाउन थालिएको प्रयत्नमा मनकारी दाताले विभिन्न जिम्मेवारी लिएर काम बढाएपछि अब 'धाम' निर्माणले गति लिएको 'रातु ठाकुरमोक्ष धाम' निर्माण तथा व्यवस्थापन समितिका अध्यक्ष कृष्ण देवकोटा बताउँछन्।

"हिन्दू दर्शनले भौतिक पञ्चतत्त्वले बनेको शरीर नाशवान् भए पनि आत्मा अविनाशी हुन्छ भनेको छ, त्यसैले मृतक व्यक्तिको आत्माले शान्ति पाओस् भन्ने हेतुले व्यवस्थित 'धाम' निर्माणमा जुटेका हौं।"

पूर्वपश्चिम राजमार्गको रातु पुलको उत्तरतर्फ नदीको पश्चिम किनार बर्दिवास नगरक्षेत्रका हिन्दूहरूको अन्त्येष्टिस्थल रहँदै आएको छ। अहिले यसै ठाउँको पाँच बिघा सात कठ्ठा क्षेत्रफलको नदी उकास जग्गालाई घेराबेरा गरेर 'धाम' निर्माण गरिन लागिएको हो। राजमार्गबाट मोटर बाटो निर्माणाधीन धामसम्म पुऱ्याइएको छ।

धाम परिसरभित्र बर्दिवासका युवा उद्यमी कुमार भण्डारीले 'रातु ठाकुर' (नदीका देवता) र बर्दिवासकै स्थानीय कृष्णबहादुर हमालले श्मशानका रखवाला मानिने भगवान शिवको मन्दिर बनाउँदै छन्। परिसरभित्र दाताको सहयोगबाटै चार कोठे पक्की धर्मशाला निर्माण भइसकेको छ।

यसैगरी बर्दिवास-९ पशुपतिनगरका घुरन महतो र रामनारायण महतोले निजी खर्चमा छुट्टाछुट्टै मलामी बस्ने पक्की घर बनाउँदै छन्। चारवटा शौचालय निर्माण चरणमा छ। एक लाख ५० हजार लिटर पानी भण्डारण क्षमताको टङ्की निर्माणको काम अन्तिम चरणमा छ।

खानेपानीका धारा व्यवस्थित गरिंदै छन्। अध्यक्ष देवकोटाले धाम निर्माणमा भइरहेका कामबारे विस्तारपूर्वक जानकारी दिए। "हामी पूर्वी नेपालका सुनसरी र झापामा स्थानीय प्रयत्नबाट सर्पदंश उपचारमा भइरहेका कामबारे अवलोकन गर्न गएका थियौं"-सर्पदंश उपचार केन्द्र बर्दिवास-३ गौरीडाँडा सञ्चालक समितिका अध्यक्षसमेत रहेका देवकोटाले भने-"त्यसै क्रममा सुनसरीको इटहरीमा व्यवस्थित अन्त्येष्टिस्थल देखियो, त्यसैबाट प्रेरित भएर यहाँ 'धाम' निर्माणको हुटहुटीले काम थालिएको हो।"

गरौं भनेर काम थालेपछि सहयोगी हातको साथ पाइने देवकोटाको अनुभव छ। सर्पको बिगबिगी हुने बर्दिबासमा उपचार केन्द्र सञ्चालनको काम थाल्दा पाएको सहयोगले 'धाम' निर्माणमा हौंस्याएको देवकोटा बताउँछन्। "कहाँबाट जुट्ला भनेर पहिल्यै तर्सदा त के गर्न सकिन्छ र ? तर राम्रो काममा सहयोग गर्ने ठाउँमैं आइपुग्ने मेरो पूर्व अनुभवले काम गरेको छ।" अब धाम बनाउने भन्ने सङ्कल्प गरेर काम थालेपछि एकपछि अर्को सहयोग थपिंदै गएको देवकोटाले बताए। धाम परिसरमैं दाउरा डिपो व्यवस्थित गर्ने प्रक्रिया थालिएको पनि उनले जानकारी दिए।

"चितास्थल आगोले नफुट्ने चाहिन्छ, त्यसैले यसको पक्का सुर्खीचुनले प्लास्टर गरिंदैछ, यो पनि सहयोगबाटै जुटेको हो"-देवकोटा भन्छन्-"धाम निर्माणमा लाग्ने ३० हजार इँटामध्ये २५ हजार समाजसेवी लक्ष्मी महतोबाट प्राप्त भएको छ, धेरैजसो सिमेन्ट युवा उद्यमी कुमार भण्डारीबाट प्राप्त भएको छ।"

"यहाँ लागेका सामग्री सबै दाताबाटै प्राप्त हुन्, म त निमित्तमात्र हुँ"-देवकोटा भन्छन्। धाम निर्माणका लागि सर्वपक्षीय भेलाले एक वर्ष पहिले देवकोटाको नेतृत्वमा 'रातु ठाकुर मोक्षधाम, निर्माण तथा व्यवस्थापन समिति' गठन गरेसँगै काम शुरू भएको थियो। कामले निश्चित आकार लिइसकेको देख्दा अब आफ्नै ठाउँमा व्यवस्थित अन्त्येष्टि घाट चाँडै प्रयोगमा आउने यस भेगका बासिन्दामा विश्वास जागेको छ।

### मापदण्डविपरीत प्लटिङ.....

लगायत ३६ जिल्लामा खाद्य असुरक्षा बढ्दै गएको कृषि विज्ञहरूको ठहर छ।

बढ्दो शहरीकरणले गर्दा खाद्य असुरक्षा तथा वातावरणमा समेत प्रतिकूल असर परेको ठहर गर्दै सरकारले पछिल्लोपटक मुलुकभर लागू हुनेगरी प्लटिङ गर्न नपाइने नीति ल्याएको हो।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले एक महानगर, चार उपमहानगर र १२५ नगरपालिकालाई विनाअनुमति जग्गा प्लटिङ गरी बिक्री गर्न नदिन निर्देशनसमेत दिइसकेको छ।

सरकारले भू-उपयोग नीतिविपरीत प्लटिङ गरेर बसाइएका अव्यवस्थित बस्तीका लागि सडक, खानेपानी, पार्क, बिजुली, टेलिफोन, अस्पताललगायत अन्य आधारभूत भौतिक पूर्वाधारमा लगानी पनि नगर्ने नीति लिएको छ।

मन्त्रालयले सबै नगरपालिकामा जग्गाको प्रकृति र उपभोगको आधारमा कृषि, वन, औद्योगिक, शहरी आवास, ग्रामीण आवास, व्यावसायिक आवास र सार्वजनिक क्षेत्र छुट्याएर वर्गीकरण गर्नसमेत निर्देशन दिइसकेको छ। मापदण्ड विपरीत बस्ती बढ्दै गएपछि नगरपालिकाले पानीका धारा, बिजुली बत्ती जडान गर्न सिफारिश दिने गरेपछि सरकारले लागू गरेको मापदण्ड कागजमा नैं सीमित हुन पुगेको हो।

जिल्लाको सुगम क्षेत्र निजगढ, सिमरा, मनहर्वा, बडहर्वा, कलैया, जीतपुरमा सरकारी नीतिविपरीत प्लटिङ हुँदैछ। यसको रोकथाम र नियमनमा सम्बन्धित निकायले बेलैमा ध्यान दिनुपर्ने देखिन्छ।

### रक्तदान गरेर पत्रकार.....

झाले राज्यका सबै निकायका काम कारबाईको निगरानी गर्नाका साथै सञ्चार क्षेत्रले सत्य-तथ्य सूचना प्रवाह र जनताको आवाज सार्वजनिक गर्न अझ बढी संवेदनशील बन्न जरूरी रहेको बताए। सङ्घ, प्रदेश र स्थानीय तहमा प्रेसमैत्री सञ्चार नीति, कानून र संरचना निर्माणका लागि महासङ्घले थप पहल र खबरदारी गर्नुपर्ने सञ्चारकर्मीले बताएका छन्।

## फरक समाचार

# महामारीको बीच अर्को नयाँ रोग

कोरोना महामारीको समयमा नाइजेरियामा अर्को नयाँ रोग फैलिरहेको छ-लासा फिभर। यसले संसारमा नयाँ चुनौती उत्पन्न गर्न सक्ने चेतावनी दिएको छ। नाइजेरिया सेन्टर फर डिजिज कन्ट्रोल अनुसार नाइजेरियामा यस वर्ष ८८ दिनमा लासा फिभरबाट १२३ जनाको मृत्यु भइसकेको छ भने अहिलेसम्म ६५९ जनामा सङ्क्रमण पुष्टि भएको छ।



ब्रिटेनमा दुईजना रोगी भेटिएका छन् भने एकजनाको मृत्यु भएको छ। २५ प्रतिशत रोगी, जसले लासा ज्वरोलाई मात दिएका छन्, उनीहरूमा बहिरोपन भएको छ। यसमध्ये आधा रोगीको एकदेखि तीन महीनामा सुन्ने क्षमता फर्किएको पाइएको छ।

२१ देखि ३० वर्षका मान्छे बढी सङ्क्रमित भए भने ४५ जना स्वास्थ्यकर्मी पनि यसको चपेटमा आएका थिए। ३६ मध्ये २३ वटा राज्यमा सङ्क्रमण पुष्टि भएको छ भने जनवरीदेखि मार्चसम्म १८.७ प्रतिशत मृत्युदर देखिएको छ।

विश्व स्वास्थ्य सङ्गठन अनुसार लासा फिभर एक्युट भाइरल हैमोरेजिक फिभर हो जुन लासा भाइरसको कारण हुन्छ। लासाको स्म्बन्ध भाइरसको परिवार एरिनाभाइरससँग छ। मनुष्य साधारणतया यसको चपेटमा अफ्रिकी मल्टिमैमेट मुसाको माध्यमबाट हुन्छन्। घरको सामान वा खाद्य पदार्थ जहाँ मुसाको मूत्र र फोहरबाट सङ्क्रमित हुन्छ र त्यसबाट रोग फैलिन्छ।

डब्लुएचओ अनुसार लासा फिभरको चपेटमा आउने ८० प्रतिशतमा सङ्क्रमणको कुनै लक्षण देखिंदैन। पाँचजनामध्ये एकजना सङ्क्रमितलाई गम्भीर समस्या हुन्छ। भाइरसबाट शरीरको प्रमुख अङ्ग कलेजो, स्प्लीन र मिर्गौला नराम्ररी प्रभावित भएको साक्ष्य भेटिएको छ। गम्भीर रोगीको मृत्युको कारण अङ्ग फेल हुनु हो।

मान्छेमाथि लासा ज्वरोको प्रभाव दुईदेखि २१ दिनसम्म रहन्छ। अमेरिकी स्वास्थ्य एजेन्सी सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्शनका अनुसार यस रोगको पहिलोपटक पुष्टि सन् १९६९ मा नाइजेरियाको लासा शहरमा भएको थियो। यसैले यसको नाम लासा राखिएको थियो। हरेक वर्ष औसतन एक लाखदेखि तीन लाख व्यक्ति लासा ज्वरोबाट पीडित हुन्छन् भने ५ हजारको मृत्यु हुन्छ। बेनिन, घाना, माली, सियरा लियोन, नाइजेरियामा यसको प्रकोप बढी हुन्छ।

डब्लुएचओ अनुसार लासा भाइरसबाट सङ्क्रमित व्यक्तिलाई तीव्र ज्वरो, टाउको दुख्ने, घाँटी खसखसाउने, मांसपेशी दुख्ने, छाती दुख्ने, डायरिया, खोकी, पेट दुख्ने र मन आत्तिने हुन्छ। गम्भीर रोगीको अनुहार सुन्निने, फोक्सोमा पानी, मुख र नाकबाट रगत निस्किन्छ। रोगीको रक्तचापमा तीव्र गिरावट हुन्छ। नाइजेरियामा कोरोनाबाट अहिलेसम्म २ लाख ५५ हजार ३४१ सङ्क्रमित भएका थिए भने ३१४२ जनाको मृत्यु भइसकेको छ। २.४९ लाख व्यक्ति स्वस्थ भएका छन्। विशेषज्ञको भनाइ छ महामारीको बीच लासा फिभरको प्रकोप बढ्छ भने नाइजेरियासँगै संसारका अन्य मुलुकका लागि पनि समस्या बढ्न सक्छ।

# राति तापमान बढ्दा पुरुषको ज्यानलाई खतरा

गर्मीमा रातिको तापमान बढ्दा पुरुषको मृत्युको सम्भावना बढी हुने नयाँ अध्ययनले जनाएको छ। सामान्य गर्मीभन्दा केवल १ डिग्री सेल्सियसको वृद्धिबाट मुटुसम्बन्धी रोगबाट मृत्युको खतरा लगभग चार प्रतिशतसम्म बढ्छ।

बिएमजे ओपनमा प्रकाशित यस नयाँ रिसर्च अनुसार, राति तापमान बढ्दा मृत्युको खतरा केवल पुरुषमा मात्र देखिएको छ। यद्यपि महिलामाथि यसको कुनै प्रभाव देखिएन।



पछिल्लो अध्ययन अनुसार गर्मी मौसमको कारण मृत्यु र मुटुको रोगीको सङ्ख्या बढेको छ। तर यस सम्बन्धमा कुनै खास आयुवर्गका मान्छेको उल्लेख गरिएको थिएन। यसैले टोरेन्टो युनिभर्सिटीको एउटा टीमले ६०-६९ आयु वर्गको मान्छेको मृत्युको मामिलाला अध्ययन गरेको थियो। यस अध्ययनको लागि शोधकर्ताले अफिस फर नेशनल स्टैटिक्सको २००१ देखि २०१५ को बीच जून-जुलाईमा मुटु रोगबाट भएको मृत्युको तथ्याङ्क जुटाइएको थियो।

अध्ययनको लागि शोधकर्ताले इङ्गल्यान्ड र वेल्सजस्ता देशलाई चुनेका थिए, किनभने यस महीनामा युनाइटेड किङ्डममा गर्मी बढी हुन्छ। वाशिंगटनको किङ्ग काउन्टीबाट पनि यस प्रकारको तथ्याङ्क जुटाइएको थियो जहाँको मौसम लगभग यस्तै रहन्छ।

परिणामले भनेको छ-सन् २००१ देखि २०१५ को बीच इङ्गल्यान्ड र वेल्समा मुटुको रोगबाट कुल ३९,९१२ जनाको मृत्यु भएको थियो, जबकि किङ्ग काउन्टीमा ४८८ जना मरे। शोधकर्ताका अनुसार इङ्गल्यान्ड र वेल्सको तापमानमा १ डिग्री सेल्सियसको वृद्धिबाट ६०-६४ वर्षका पुरुषमा मुटुको रोगबाट मृत्युको जोखिमको दर ३.१ प्रतिशत रह्यो। यस वर्गमा बुजुर्ग र महिला सामेल थिएनन्।

त्यसैगरी किङ्ग काउन्टीको तापमानमा १ डिग्री सेल्सियस वृद्धि हुँदा ६५ वा यसभन्दा कम उमेरका पुरुषमा मुटु रोगबाट मृत्युको जोखिमको दर ४.८ प्रतिशत थियो। इङ्गल्यान्ड र वेल्सजस्तो देशलाई लिएर शोधकर्ताहरूले चिन्ता जाहेर गरेका छन्, किनभने हालै यहाँ रातिको समय तापमानमा वृद्धि भएको दर्ज गरिएको थियो। शोधकर्ताको भनाइ छ यी आँकडालाई हेर्दा मध्य-अक्षांशदेखि उच्च-अक्षांश क्षेत्रमा बस्ने जनसङ्ख्याको जोखिमलाई पनि समानरूपले जाँच गर्नुपर्छ।

मुटुको रोगमा हृदयघात वा कार्डियाक अरेस्टजस्तो घटना हुन सक्छ। विज्ञ भन्छन् राति पसिना, छातीमा जकडन वा बेचैनीजस्तो लक्षणले हृदयघातलाई सङ्केत गर्छ। एक रिपोर्ट अनुसार इङ्गल्यान्डमा हरेक वर्ष करीब ८० हजार मान्छे हृदयघातसँग सम्बन्धित मामिलाको कारण अस्पताल पुग्छन्। यसैले यस्ता लक्षणलाई कहिल्यै बेवास्ता गर्नुहुँदैन।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेन आक्रमणमा १२ जनाको मृत्यु, ३३ घाइते

किभ, १६ चैत/सिन्हवा

युक्रेनको क्षेत्रीय प्रशासनिक भवनमा भएको आक्रमणमा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ।



रूसले कब्जा गरेको मारिउपोलबाट विस्थापित भएका युक्रेनी शरणार्थी।

रूसको सुरक्षा फौजले गरेको सो हवाई आक्रमणमा परी अरू ३३ जना घाइते भएका अधिकारीहरूले जनाएका छन्।

युक्रेनको दक्षिणपूर्वी क्षेत्रमा पर्ने माइकोलायीभ शहरमा घटना भएको युक्रेनको आन्तरिक मामिला मन्त्रालयले मङ्गलवार जनाएको छ।

स्थानीय समय अनुसार बिहान ८.४५ मा हवाई आक्रमण भएको स्थानीय बासिन्दाले जानकारी दिएका छन्। आक्रमणका कारण झन्डै नौ भवनमा क्षति पुगेको पनि अधिकारीहरूले जनाएका छन्।

घटनास्थलबाट १८ जनालाई उद्धार गरिएको मन्त्रालयले जनाएको छ। घटनास्थलमा खोजी तथा उद्धार कार्य पनि जारी रहेको अधिकारीहरूले जनाएका छन्।

**एएफपीले** दिएको समाचार अनुसार मध्य इजरायली शहर बनी ब्राकमा प्यालेस्टाइनी बन्दूकधारीले मारेका पाँच मध्ये दुईजना युक्रेनी नागरिक भएको इजरायली प्रहरीले बुधवार जनाएको छ। मङ्गलवारको आक्रमणका पीडितहरूमध्ये २३ र ३२ वर्षीय युक्रेनी नागरिक रहेको प्रहरीले जनाएको छ।

**युक्रेनको चेर्निगिभमा वाचाको बावजूद रातभर गोलाबारी**

कीभ/एएफपी

युक्रेनी अधिकारीहरूले बुधवार रूसी सेनाले उत्तरी शहर चेर्निगिभमा बमबारी गरेको जनाएको छ। मस्कोले यस क्षेत्रमा सैन्य गतिविधि फिर्ता गरेको दाबी गरे पनि रातभर गोलाबारी गरेको युक्रेनको दाबी छ।

क्षेत्रीय गभर्नर व्याचेस्लाभ चाउसले सामाजिक सञ्जालमा लेखेका छन्– "शत्रुले चेर्निगिभ क्षेत्रमा आफ्नो गतिविधिमा कमी देखाए पनि हमला जारी छ।

**नेदरल्यान्डद्वारा १७ रुसी कूटनीतिज्ञलाई देश छोड्न निर्देशन**

द हेग/सिन्हवा

नेदरल्यान्डले आफ्नो देशमा रहेका १७ रूसी कूटनीतिज्ञहरूलाई देश छाड्न निर्देशन दिएको छ।

नेदरल्यान्डमा बसेर उनीहरूले कूटनीतिक मर्यादा र जिम्मेवारीविपरीत कार्य गरेको भन्दै उनीहरूलाई स्वदेश नै फिर्ता हुन निर्देशन दिइएको हो।

नेदरल्यान्डको विदेश मामिला मन्त्रालयले राष्ट्रिय सुरक्षाका कारण उनीहरूलाई निष्कासित गर्नुपरेको जानकारी दिएको छ।

**४० लाखभन्दा बढी युक्रेनीले देश छाडेः राष्ट्रसङ्घ**

जेनेभा/एएफपी

रूसको युद्धबाट बच्न ४० लाखभन्दा बढी युक्रेनी देश छोडेर भागेको संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कले देखाएको छ।

युनएचसिआर संयुक्त राष्ट्रसङ्घ शरणार्थी एजेन्सीले जनाए अनुसार ४० लाख युक्रेनी रूसी आक्रमणपछि देश छाडेर भागेका थिए। तीमध्ये २३ लाखभन्दा बढी पोल्यान्ड गएका थिए। रासस

## श्रीलंकामा दैनिक १० घण्टा विद्युत कटौती

कोलम्बो, १६ चैत/एएफपी

श्रीलङ्कामा बुधवारदेखि दैनिक १० घण्टा विद्युत् कटौती हुने भएको छ।



एउटा पेट्रोल पम्प बाहिर डिजेल खरीद गर्न राजधानी कोलम्बोमा प्रतीक्षारत श्रीलङ्काली नागरिक। फोटो : एपी

देशमा उर्जा सङ्कट उत्पन्न भएकोले दैनिक देशव्यापी विद्युत् कटौती गर्नुपरेको अधिकारीहरूले जनाएका छन्।

दुई करोड २० लाख जनसङ्ख्या रहेको दक्षिण एशियाली मुलुक श्रीलङ्कामा आर्थिक सङ्कट चुलिएको छ भने विदेशी मुद्राको अभाव भएको छ।

श्रीलङ्कामा प्रयोग हुने बिजुलीमध्ये ४० प्रतिशत बिजुली जलविद्युत् परियोजनामार्फत उत्पादन हुने गरेको छ। जलविद्युत् उत्पादनका लागि प्रयोग हुने जलाशय भने अहिले सङ्कटमा रहेका छन्।

पर्याप्त वर्षा नभएकाले जलाशयमा जल कम भएकोले बिजुली उत्पादन पनि कम भएको अधिकारीहरूको भनाइ छ।

बाँकी बिजुली भने कोइला र तेलबाट उत्पादन गर्ने गरिएको छ। ती दुवै चीज विदेशबाट आयात गर्नुपर्ने र आयातका लागि विदेशी मुद्रा नभएकाले आयात गर्न गाह्रो भएको छ।

कोइला र तेलको कमीका कारण बिजुली उत्पादन कम भएकोले विद्युत् प्रवाह पनि कटौती गर्नुपरेको अधिकारीहरूले जानकारी दिएका छन्। रासस

## भारत नियन्त्रित कश्मीरमा २ लडाकू मारिए

श्रीनगर १६ चैत/सिन्हवा

भारत नियन्त्रित कश्मीरमा प्रहरीले बुधवार यस क्षेत्रमा भएको गोली हानाहानमा दुई आतङ्कारीको मृत्यु भएको जनाएको छ। भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर शहरको रैनावरी क्षेत्रमा गोली हानाहान भएको हो। "आज बिहान शहरको रैनावरी क्षेत्रमा आतङ्कारी र प्रहरी र अर्धसैनिकको संयुक्त टोलीबीच गोली हानाहान भएको थियो। विद्रोहीहरूको उपस्थिति रहेको सूचना दिने विशेष गुप्तचर सूचनाका आधारमा सरकारी सेनाको टोलीले सो क्षेत्रलाई घेरा हालेको थियो। झडपमा सरकारी सेनालाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ। मारिएका लडाकूहरू स्थानीय कार्यकर्ताको रूपमा चिनिएका छन्। कश्मीर भारत र पाकिस्तानबीच विभाजित हिमालय क्षेत्र, दुवैले पूर्णरूपमा दाबी गर्दै आएका छन्। बेलायतबाट स्वतन्त्र भएदेखि विशेषगरी कश्मीरमा भारत र पाकिस्तानले तीनवटा युद्ध लडेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – राज्यभय |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – कान्तिक्षय | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

स्वच्छ परिवार,
सुखको आधार।

वीरगंज महानगरपालिका

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## एनजिओसिसीको साधारणसभा



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ चैत/

सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साको २७औं साधारणसभा बुधवार सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष इब्राहिम देवानको अध्यक्षता तथा जिल्ला समन्वय समिति, पर्साका सभापति नेक महम्मद अन्सारीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

साधारणसभामा महासचिव रामप्रवेश साहले साङ्गठनिक प्रतिवेदन पेश गरेका थिए।

साधारणसभामा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, सखुवापरसौनी गाउँपालिकाका अध्यक्ष प्रदीप जयसवाल, बृजकिशोर पटेललगायत संस्थाका कर्मचारीहरूलाई सम्मानित गरिएको थियो।

## मधेसीको मुद्दा उठाउने लोसपा मात्र– नेता कुर्मी

प्रस, पोखरिया, १६ चैत/

लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य रमेश कुर्मीले मधेसीको मुद्दा उठाउने लोसपा एकमात्र पार्टी रहेको दाबी गरेका छन्।




लोसपा पर्सा क्षेत्र नं. ३ ले विन्ध्यवासिनी गाउँपालिका–३ झौवामा आयोजना गरेको क्षेत्रीय सभामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य कुर्मीले तत्कालीन मधेसी जन अधिकार फोरम र हालको जनता समाजवादी पार्टीले मधेसको मुद्दा उठान गर्न छाडेको बताए। उनले मधेसविरोधी शक्तिहरूसँग सहकार्य गरेर मधेसको मुद्दा बिर्सिएको र अहिले मधेसको मुद्दालाई लोसपाले मात्र अङ्गीकार गरेको बताए।

अर्का प्रदेशसभा सदस्य प्रह्लाद गिरीले विन्ध्यवासिनी गापामा चरम भ्रष्टाचार रहेको आरोप लगाए। उनले संसदीय विकास कोषबाट आफूले विन्ध्यवासिनी गापामा करोडौं रुपियाँ पठाए पनि कमिशनको कारण काम सम्पन्न नभएको र रकम फ्रिज भएको दोषारोपण गरे।

जोगेन्द्र साहको अध्यक्षतामा भएको सभामा शशिकपूर मियाँ, नेजामुद्दीन समानी, पुरुषोत्तमलाल झा, उषादेवी चौहान, अनिता देवी, प्रमोद तिवारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

### देशभर ग्यास तथा पेट्रोलियम.....

सङ्घ, पर्साका अध्यक्ष विनोद चौरसियाले आन्दोलनका कार्यक्रमहरु जारी रहेको बताए। उनले चैत २० गतेदेखि ग्यास उद्योग सम्पूर्णरुपमा ठप्प हुने जानकारी गराए।

यसअघि, राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिमा आबद्ध नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधान, नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष कुशप्रसाद मल्ली र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष खगेश्वर बोहराले विज्ञप्ति जारी गरी आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गरेका थिए।

## बहुदरमाईमा एमालेको वडास्तरीय कार्यक्रम

प्रस, वीरगंज, १६ चैत/

नेकपा एमालेको बहुदरामाई



तस्वीरः प्रतीक

नगरपालिकामा वडास्तरीय कार्यक्रम सम्पन्न भएको छ।

बुधवार नेकपा एमाले बहुदरमाई नगर कमिटीले आयोजना गरेको कार्यक्रममा पूर्व गाविस अध्यक्ष एवं उपप्रमुख गायत्रीदेवीका पति राजदेव यादव एमाले प्रवेश गरेका छन्। कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला सहइन्चार्ज राजकुमार गुप्ताले यादवलाई स्वागत गरेका थिए।

नगर अध्यक्ष प्रमोद कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा एमाले नेता शिव पटेललगायतको सहभागिता थियो।

### सबै नाका खुल्यो....

आवाज उठाउँदासमेत राज्यले कानमा तेल हालेर बसेको स्थानीय पर्यटन व्यवसायी धीरसिंह घिमिरेले गुनासो गरे।

बन्द रहेको ठोरी नाका खुलाएर ठोरीमा रहेको छोटी भन्सारको स्तरोन्नति गरी चारचक्के गाडीको भन्सार काट्ने व्यवस्थासमेत ठोरीमा हुनुपर्ने ठोरीवासीको माग रहेको घिमिरेको भनाइ छ। मधेस प्रदेस सरकारले ठोरीमैं आएर पर्यटकीय क्षेत्र घोषणा गर्नु ठोरीवासीका लागि गौरवको विषय भए तापनि ठोरी भन्सारको स्तरोन्नति नगरी यसको सफल कार्यान्वयन नहुने खनालले बताएका छन्।

**Notice**

This is to inform all concerned individual(s), agencies and companies that USAID's Early Grade Reading Program II (EGRP II), PO Box 14417, No. 46/64 Tej Bhawan, Uttar Dhoka, Lazimpat, Kathmandu, Nepal will officially phase out its district offices in Saptari, Siraha, Dhanusha, Mahottari, Sarlahi, Rautahat, Bara and Parsa districts effective April 15, 2022, and Janakpur Regional Office effective April 30, 2022.

Accordingly, all those concerned are informed by this notice that any official payments or liabilities, if any to be claimed from EGRP II, will be paid on or before April 5, 2022. No claims will be entertained after April 7, 2022.

**USAID's Early Grade Reading Program II**
**PO Box 14417, No. 46/64 Tej Bhawan**
**Uttar Dhoka, Lazimpat**
**Kathmandu, Nepal**
**Tel: +977-1-4001103**

**मोटरसाइकल चोरी भएको सूचना**

२०० सिसिको NS+ABS पल्सर मोटरसाइकल बजाज कम्पनीको चेसिस नं. MD2A36FX7LCJ81680, इन्जिन नम्बर JLXCLJ51802 प्रदेश २–०३–००१३ प २३८३ नम्बरको मोटरसाइकल २०७८/१२/०८ गते मङ्गलवार दिउँसो करीब ४:०० बजे बारा निजगढ नपा वडा नं. ८ मा रहेको समिट लघुवित्त संस्थामा पार्किङ गरिराखेको ठाँउबाटै चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा ९८२१८४४०४० नम्बरमा खबर गरिदिनुहुन अनुरोध गरिन्छ। फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइने छ।

# आइटेक दिवसको अवसरमा सम्मान

प्रस, वीरगंज, १६ चैत/

भारतीय राजदूतावासले ५७औं भारतीय प्राविधिक एवं आर्थिक सहकार्य (आइटेक) दिवस काठमाडौंमा मनाएको छ।




कार्यक्रममा प्रमुख अतिथि शिक्षा मन्त्री देवेन्द्र पौडेलले कोभिड–१९ महामारीको समयमा पनि नेपाली आइटेक विद्यार्थीहरूको निरन्तरतालाई सुनिश्चित गर्दै इ–आइटेक कोर्षमार्फत निर्बाध प्रशिक्षण प्रदान गर्न भारतीय राजदूतावासले चालेका प्रयासहरूको प्रशंसा गरे।

दिवसको उद्घाटन भारतीय राजदूत विनयमोहन क्वात्राले गर्दै भारतका विभिन्न प्रतिष्ठित संस्थानहरूबाट उच्च शिक्षा तथा प्रशिक्षण लिएका आइटेकका पूर्व विद्यार्थीहरूलाई स्वागत गरे।

उनले नेपाली सेनाका अवकाशप्राप्त अधिकृत र जलस्रोत तथा ऊर्जा आयोगका सचिव दिनेशकुमार घिमिरेलगायत आइटेक अलम्नाईहरूले भारतका विभिन्न संस्थानहरूमा तालीम लिएकोबारे कार्यक्रममा सहभागीहरूलाई स्मरण गराएका थिए।

भारतीय राजदूत क्वात्राले आइटेक अन्तर्गतका विभिन्न प्रशिक्षण कार्यक्रहरूमा नेपाल सबैभन्दा बढी सक्रिय रूपमा सहभागी भएको बताए। आइटेक अन्तर्गतका कार्यक्रमहरूबाट विश्वभरका दुई लाखभन्दा बढी मानिस लाभान्वित भएको उनले बताए।

कार्यक्रममा काठमाडौंस्थित भारतीय राजदूत विनयमोहन क्वात्राले प्रधानसेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रभुराम शर्मा र आइटेकका वरिष्ठ अलम्नाई तथा जनकपुरस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा. रामकेवल साहलाई सम्मान गरेका थिए।

# निर्वाचनमा पत्रकारको भूमिका विषयक विचार गोष्ठी

प्रस, रौतहट, १६ चैत/

नेपाल पत्रकार महासङ्घको ६७ औं स्थापना दिवसको अवसरमा स्थानीय तहको निर्वाचनमा पत्रकारको भूमिका विषयक विचार गोष्ठी बुधवार गौरमा सम्पन्न भएको छ।




नेपाल पत्रकार महासङ्घ, रौतहटको सभाकक्षमा आयोजित गोष्ठीका प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले सत्य तथ्य, निष्पक्ष रूपले स्थानीय तहको निर्वाचनमा मिडियाले भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको बताए।

उनले पत्रकारिता पेशामा रहेका विभिन्न मिडियाले सूचना प्रवाह गर्ने क्रममा निष्पक्ष र सत्यमा आधारित समाचार लेख्न सुझाए। उनले पदीय मर्यादा ख्याल गरी निर्वाचनमा सहभागी हुन र मर्यादा उल्लङ्घन गर्नेहरू कानून बमोजिम सजायको भागदारी हुनुपर्ने चेतावनी दिए। उनले निर्वाचन आयोगले व्यवस्था गरेको आचारसंहिताका आधारमा समाचार लेख्न र सोविपरीत गर्नेका लागि निर्वाचन आचारसंहितामा भएको दण्ड सजायको व्यवस्था भोग्नुपर्ने बताए।

रौतहटका १८ वटा स्थानीय निकायमा रहेका मतदान केन्द्रलाई सामान्य, संवेदनशील, अति संवेदनशील गरी तीन तहमा विभाजन गरिएको उनले बताए।

कार्यक्रममा सशस्त्र प्रहरी बल कार्यालय गौरका प्रहरी उपरीक्षक ध्रुवबहादुर कार्कीले पत्रकारिता क्षेत्रमा हुने विकृति हटाउन आग्रह गरे। उद्योग वाणिज्य सङ्घ रौतहटका अध्यक्ष पडित जयसवालले रौतहटको पत्रकारिता राम्रो रहेको बताउँदै अझ दरिलो बनाउन सुझाए।

नेपाल पत्रकार महासङ्घका सदस्य शिव पुरीले फेसबूक पत्रकारिताले समाजलाई विकृतितर्फ धकेल्दै गएको आरोप लगाए। फेसबूकमा लेख्ने पत्रकारका कारण समाज गलत दिशातर्फ उन्मुख हुने खतरा बढेको उनले बताए। नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सदस्य शैलेन्द्र झाले महात्मा गाँधीले गरेको पत्रकारिता र स्वर्गीय प्रधानमन्त्री कृष्णप्रसाद भट्टराइले गरेको पत्रकारितालाई मनन गर्न आग्रह गरे। पत्रकार प्रभात झाले पत्रकारिता जगत्लाई केही सञ्चारकर्मीले बदनाम गरेको आरोप लगाए।






# खेलकूदको संसार

## मेयरकप फूटबलः साउथजोन र नृसिंह माविं विजयी

प्रस, पर्सागढी, १६ चैत/

वीरगंज महानगरपालिका कार्यालय शैक्षिक महाप्रशासन शाखाद्वारा आदर्शनगर रङ्गशालामा जारी तेस्रो मेयरकप फूटबल प्रतियोगिता अन्तर्गत बुधवार पनि दुईवटा खेल सम्पन्न भएको छ।

आज भएको पहिलो खेलमा साउथजोन माविले विद्यासदन माविलाई एकविरुद्ध चार गोल अन्तरले पराजित गर्‍यो। आजको दोस्रो खेल पनि हिजो जस्तै टाइब्रेकरबाट निर्णय गर्नुपरेको थियो। मूनलाइट र नृसिंह माविबीचको खेल दुई/दुई गोलको बराबरीमा सकिएपछि गरिएको ट्राईबेकरमा नृरसिंह माविले मुनलाइटलाई दुईका विरुद्ध चार गोल अन्तरले पराजित गरेको सदस्य सचिव आनन्द लामिछानेले बताए।



तस्वीरःप्रतीक

## नेपालद्वारा मलेशिया पराजित

काठमाडौं, १६ चैत/रासस

त्रिकोणात्मक टी–ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिज अन्तर्गत आज भएको आफ्नो दोस्रो खेलमा नेपालले मलेशियालाई पराजित गर्दै जीत हात पारेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा नेपालले मलेशियालाई ६ विकेटले पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको हो। यस अघि सोमवार भएको पहिलो खेलमा नेपालले पपुवा न्युगिनीलाई १५ रनले पराजित गरेको थियो।

मलेशियाले दिएको ११५ रनको सामान्य लक्ष्य नेपालले १३.४ ओभरमा ४ विकेट गुमाएर पूरा गर्‍यो। नेपालको जीतमा आसिफ शेखले सर्वाधिक ५७ रनको अर्धशतकीय इनिङ खेले। ३८ बल खेलेका उनले सात चौका र एक छक्काको मदतमा ५७ रनको योगदान गरेका हुन्। त्यसैगरी दीपेन्द्रसिंह ऐरीले २१, दिलीप नाथले १५, रोहित पौडेलले १२ तथा कुशल मल्लले २ रन जोडे।

बलिङमा मलेशियाका पवनदीप सिंहले २ विकेट लिए भने सैद अजिज र मुहम्मद आमिरले समान १/१ विकेट हात पारे। यस अघि टस जितेर पहिले ब्याटिङ थालेको मलेशियाले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ११४ रन बनाएको थियो। मलेशियाका लागि जुबाइदी जुल्किफ्लेले ३२ रनको योगदान दिए भने कप्तान अहमद फाजीले २४ रन जोडे। यसैगरी सेइद अजिजले १४, शर्भिन मुनियनडीले ९, मुहमद अमिरले १६ तथा विजय उन्नीले ३ रनको योगदान दिए।

बलिङमा नेपालका कप्तान सन्दीप लामिछाने र करण केसीले समान २/२ विकेट लिए भने कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी र अविनाश बोहराले समान १/१ विकेट झारे। अब नेपालले भोलि पपुवा न्युगिनीसँग खेल्नेछ।

## फूटबलः चर्च ब्वाइजको जीत

काठमाडौं, १६ चैत/रासस

शहीद स्मारक ‘बी’ डिभिजन लिग फूटबल प्रतियोगितामा चर्च ब्वाइज क्लब विजयी भएको छ।

सातदोबाटोस्थित (अखिल नेपाल फूटबल सङ्घ) एन्फा कम्प्लेक्समा आज भएको खेलमा चर्च ब्वाइज रानीपोखरी कर्नर टिम (आरसिटी) लाई २–० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो। चर्च ब्वाइजको जीतमा कुबेर न्यौपाने र आशिष चापागाईंले गोल गरे।

खेलको ५२औं मिनेटमा कुबेरले गोल गर्दै चर्च ब्वाइजलाई पहिलो अग्रता दिलाए। त्यसपछि खेलको ७५औं मिनेटमा आशिषले गोल गर्दै चर्च ब्वाइजलाई २–० को जित दिलाए । यस जीतसँगै चर्च ब्वाइज १० खेलबाट २० अङ्क जोड्दै अङ्क तालिकाको शीर्षस्थानमा रहेको छ। समान खेल खेलेको आरसिटीको १५ अङ्क छ। आरसिटी अङ्क तालिकाको दोस्रो स्थानमा रहेको छ।

# लागू औषध र चोरी घटनामा पाँचजना पक्राउ

प्रस, वीरगंज, १६ चैत/

जिल्ला प्रहरी कार्यालय पर्साले मोटरसाइकल चोरीको दुईवटा घटनामा संलग्न चारजना र लागूऔषध मुद्दामा




फरार एकजनासमेत पाँचजनालाई पक्राउ गरेको जनाएको छ।

पर्सा प्रहरीले दिएको सूचना अनुसार लागूऔषध मुद्दामा पर्सा, बारा र काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि फरार वीरगंज–१५ का ३० वर्षीय जयकुमार सर्राफलाई पक्राउ गरी पर्सा जिल्ला अदालतको जिम्मा लगाइएको छ।

यसैगरी मोटरसाइकल चोरीको दुई वटा घटनामा चारजना अभियुक्त पक्राउ गरेको जिप्रका पर्साले जनाएको छ। वीरगंज–१ छपकैया निवासी सन्जु रामले वीरगंज–२ को सडकमा पार्किङ गरेको मोटरसाइकलको लक तोडेर चैत १५ गते राति साढे दश बजे चोरी गर्ने बारा जिल्ला कोल्हवी नपा–१ निवासी अच्छेलाल चौधरीलाई छपकैया–३ बिटबाट पक्राउ गरिएको थियो। यसैगरी वीरगंज–१४ निवासी दिनेश राउतको चैत ४ गते वीरगंज–२५ मा पार्किङ गरिएको मोटरसाइकल चोरी गरी अर्को नम्बर प्लेट प्रयोग गरी चलाएको कसूरमा प्रहरीले वीरगंज –२० हरपतगंजबाट सोही ठाउँ निवासी मनीरमियाँ अन्सारी, वीरगंज–२५ का आकाश पटेल, सोही ठाउँका दिपेन्द्र पटेल पक्राउ परेको जिप्रका पर्साले जनाएको छ।

उनीहरूबाट कागजात नभएको थप ६ वटा मोटरसाइकल बरामद भएको प्रहरीले दाबी गरेको छ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।**

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमैं चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा शेयर नगरौं।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड